रासायनिक मल दिलाउन सांसद बर्तौला कृषि मन्त्रालय पुगे । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१५, ● अंक-२२ ● २०७९ मंसिर २६ गते सोमबार, ● 12 Dec. 2022, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## ऐतिहासिक तीनवर्षे इन्द्रायणी जात्रा सकियो

गणेश विष्ट
थाहानगर

मकवानपुर थाहा नगरपालिकाको इन्द्रायणीचौरमा लाग्ने तीनवर्षे ऐतिहासिक इन्द्रायणीमाई मेला सकिएको छ । २२ मंसिरबाट शुरू भएको मेला २४ मंसिरमा विधिवत् पुजाआजासहित सकिएको हो । प्रत्येक ३/३ वर्षमा थाहा नगरपालिकाको वडा नम्बर ३ इन्द्रायणी चौरमा मेला लाग्ने गर्दछ । करिब साढे ३ सय वर्षदेखि ऐतिहासिक मेला सुरू भएको अनुमान छ । ईन्द्राणी माईलाई आस्थाको देवीको रूपमा लिने गरिन्छ । इन्द्रायणी माईको मन्दिरमा गई पुजाआजा गर्नाले आफूले चिताएको पुरा हुने र माईले सबैलाई कल्याण गर्नुहुने जनविश्वास रहि आएको छ । तीन दिनसम्म संचालन हुने मेलामा करिब २ लाख बढिले अवलोकन गर्ने ईन्द्रायणी भगवती काला भैरव गुठी संरक्षण समितिका अध्यक्ष श्यामभक्त श्रेष्ठले जानकारी दिए ।

स्थानीय देउला र नेवार समुदायको ऐतिहाँसिक सम्बन्ध गाँसिएको किम्वदन्ती रहेको छ । इन्द्रायणी भगवती कालाभैरव गुठी संरक्षण समितिको व्यवस्थापनमा हुँदै आएको इन्द्रायणी जात्राको अवसरमा पहिलो दिन इन्द्राायणी माइको थानमा रथ लैजाने, दोस्रो दिन मुख्य पूजा र तेस्रो दिन रथ फर्काउने चलन रहेको छ । सोही बमोजिम यसवर्षपनि विधिपूर्वक पुजा गरिएको छ । मन्दिरमा मेला अवधिभर थाहा नगरपालिका-२ का देउला समुदाय र नेवार समुदायले दिनरात नै पुजा गर्ने गर्दछन् । इन्द्रायणी माई थानमा राती पञ्चबली सहित तान्त्रिक विधिबाट पुजा हुने गर्दछ । मेलामा पाटनबाट आएका तान्त्रिक कर्माचार्यहरूले विशेष पूजाआजा गर्ने गर्दछन् । मेलामा स्थानीय क्षेत्रका हजारौं भक्तजनहरू मन्दिर पुग्छन् भने स्थानीय नेवार तथा देउला समुदायमा टाढाबाट आउने पाहुनाहरूले घरहरू खँचाखच हुने गर्दछ । इन्द्राायणी माईको पूजा र भाकल गरेमा मनोआकाँक्षा पूरा हुने विश्वास रही आएको छ । मेलाको अवसरमा मुख्य पुजाको दिन २३ मंसिरमा मन्दिरसम्म ६ जनाले बाटो नापेका थिए । त्यस्तै पालुङको मात्र ६० र अन्यको २ सय २ गरी एकैदिन २ सय



६२ बोकाको बली दिइएको थियो । त्यस्तै सयौको संख्यामा कुखुराको बली चढाइएको छ भने सर्वसाधारणको तर्फबाट एकजनाले पञ्चबली चढाएका स्थानीय निरोज प्रधानले जानकारी दिए ।

थाहा नगरपालिका प्रमुख विष्णु बहादुर विष्टले यस मेलाले आफ्नो आफन्तसंग भेट हुने अवसरको साथै जात्रालाई सभ्य तारिकाबाट सञ्चालनमा सहयोग गरिदिनको लागि सबैलाई आग्रह गरेका छन् । विष्टले नगरपालिकाले संस्कृति संरक्षण गर्नको लागि बजेट समेत विनियोजन गरेको बताए । उनले यस मेलाले पर्यटनमा समेत टेवा पुग्ने विश्वास लिनु लिएका छन् । मेला त्यस्ता कुनै पनि विकृति हुन नदिनको लागि समेत गठन भएको छ । मेलामा भक्तजनहरूको सुविधाका लागि भनेर सबै क्षेत्रमा विजुलीको साथै स्टलहरू समेत र राखिएको थियो । बिजुली र खानेपानीको नगरपालिकालदे व्यवस्थापन गरेको हो । शान्ति सुरक्षाका लागि इलाका प्रहरी कार्यालय पालुङबाट प्रहरी खटिएका थिए भने थाहा नगरपालिकाबाट प्राथमिक उपचार डेस्क तथा नेपाल स्काउट थाहानगरको स्वयंसेवकहरू समेत खटिएका थिए । मेला भर्न आग्रा, गोगने, टिष्टुङ, धादिङ, पोखरा, बनेपा, बिरगज, हेटौडा, काठमाडौं लगायत मुलुकमा विभिन्न स्थानबाट आउने गर्दछन् ।

## दुग्ध संकलन बैक स्थापना गरिदै

◆ विकास संवाददाता

बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तरगतको दुग्ध विकास बोर्डले दुग्ध संकलन बैक स्थापना गर्ने भएको छ । यसका लागि कार्यबिधी तयार गरेर काम पनि सुरू गर्न लागिएको छ ।

दुग्ध संकलन, भण्डारण तथा बजारीकरणलाई सरल, सहज र व्यवस्थित रूपमा संचालन गर्ने उदेस्यले दुग्ध संकलन बैकको स्थापना गर्न लागिएको हो । दुग्ध संकलन गर्ने सहकारी संस्था र कृषक समुहले प्रदेश दुग्ध विकास बोर्डमा निवेदन दिएर




काम गर्न सक्ने व्यवस्था रहेको छ । बागमती प्रदेशका सबै जिल्लामा लागू गर्नेगरी काम सुरू गर्न लागिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता झलकनाथ कँडेलले बताए ।

सबै दुग्ध संकलन गर्ने सहकारी र समुहले काम गर्न सक्ने र प्रदेशका सबैजसो जिल्लामा यो कार्यक्रम लागू गर्ने तयारी गरिएको छ ।

## कुन्छालमा रैथाने कृषि तथा सास्कृतिक मेला

◆ विकास संवाददाता

थाहा नगारपालिका १ कुन्छालमा रैथाने कृषि तथा सास्कृतिक मेला भएको छ । २३, २४ र २५ मंसिरमा मेला भएको हो । कला, सस्कृती, भेषभूषाको साथमा स्थानीय विशेष पकवानको स्वाद लिन पाइने भएकाले उक्त मेला विशेषता र हेको थियो । बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मुक्तानले महोत्सवको उद्घाटन गरेकी हुन् । कुन्छाल सामुदायिक होमस्टे व्यवस्थापन तथा सर सफाई समितिको आयोजना तथा थाहा नगरपालिका, १ नम्बर. वडा कार्यालय र लवग्रिन नेपालको सहआयोजनामा कार्यक्रम भएको हो । कार्यक्रममा रैथाने कृषी उपज प्रदर्शनी, परम्परागन सांस्कृतिक झाँकी प्रदर्शनी, गोपाली खाना महोत्सव, कुन्छाल फोटो प्रदर्शनी, स्थानीय कृषी उपज प्रदर्शनी, हस्तकला सामग्री प्रदर्शनी समावेश गरिएको थियो । पर्यटन प्रवर्द्धनका लागि प्रदर्शनी निकै प्रभावकारी भएको १ नंम्बर वडाका अध्यक्ष हेरामान गोपालीले बताए । मेलाले मकवानपुरको थाहा नगरपालिका स्थित बज्रबाराहीको गोपालीहरूको बसोबास रहेको कुन्छालको प्रवर्द्धनमा समेत योगदान पुगेको अध्यक्ष गोपालीको भनाइ थियो ।



उस्तै प्रकारका र एकै रंगका छाना भएका टम्म मिलेका घरहरू नै कुन्छाल गाँउको विशेषता हो । त्यती मात्र होइन ऐतिहासिक गोपालवंशी अर्थात ग्वाला जातीको मात्र बशोबास भएको यो गाँउ साँच्चै आकर्षक छ । पछिल्लो समय गोपाली जातीको वसोवास रहेको यो गाँउमा होमस्टेहरू निक्कै फस्टाएको छ । तालिम लिएर केही स्थानीयले आकर्षक होम स्टे चलाउन थालेपछि स्वदेशी तथा विदेशी पर्यटकहरू पनि यो गाँउमा बढ्न थालेका छन् । त्यसो त यो गाँउमा केही वर्ष पहिलेसम्म् परम्परागत रूपमा खेसका कपडा उत्पादन गर्न प्रयोग हुने तान र चर्खाका आवाज सुन्न सकिन्थ्यो । अचेल त्यो हराएको छ । आफ्नो समुदायमा सबैजना मिलेर बस्ने, गुठी भोज खाने, खुकुरा नपाल्ने यो जातिको विशेषता हो ।

मकवानपुर जिल्लाको उत्तरी भेग शिखरकोट, न्हुलगाउँ, टौखेल, पापुङ, कुन्छाल, गहते र कुलगाउँमा पनि गोपाली जाति छन् । तर कुन्छाल गाँउका युवा पुस्ताको पर्यटन विकासमा आकर्षण बढेको छ । ऐतिहासिक गोपालवंशका जाति मानिने गोपालीको पहिचान र आम्दानीको स्रोत खेतीपाती र पशुपालन भएपनि अचेल होम स्टेतिर पनि आकर्षण बढ्नु खुसीको कुरा भएको स्थानीय पर्यटन प्रवर्दन समितिका अध्यक्ष सानुकाजी गोपाली बताउँछन् । यहाँका महिलाहरू हाकुपटासीमा पुजा्आजा देखी पँधेरामा पुग्ने गर्थे । जुन कपडा यही गाँउमा बुनिन्थ्यो । तर महिलाहरू आधुनिकता संगै कुर्ता सुरूवाल र सुतीका साडीमा देखिन थालेका छन् । गाउँलेको व्यावसाय मात्र नभएर पर्यटनको सम्भावना पनि रहेको घरबुनाको परम्परा जोगाउन केही संस्थाको पहलमा तालिम पनि दिएको थियो । तर अहिले उक्त सिप कसैले प्रयोग गर्दैनन् ।

परम्परागत रूपमा गोपाली महिलाहरूको विवाहमा तीन धार्नी धागो दाईजो दिने प्रचलन थियो । उक्त धागोलाई स्थानिय भाषामा ुमाद्यु अर्थात मूल पुँजी भन्ने गरिन्छ । सोही पुँजीको आधारमा पेवा बनाउने र घरखर्च चलाउने भएकाले यसले पारिवारिक रूपमा आर्थिक उपार्जनको परम्परा बसाएको भनाइ छ । तर समाजमा यस्ता परम्परा विस्तारै विस्थापित हुँदै गएकोमा उनीहरू समेत खिन्न छन् । पछिल्लो पटक चर्चा पाएको पर्यटनलाई बढवा दिन सके कुन्छालको मात्र होइन समग्र थाहानगरकै विकासमा योगदान मिल्ने स्थानीय प्रतिक गोपालीले प्रतिक्रिया दिए ।



# • सम्पादकीय •

## लैङ्गिक विभेदको परिणाम

यसवर्षको महिला हिंसाविरुद्धको १६ दिवसीय अभियान सकियो । नेपाल सरकारको पन्ध्रौं योजनामा महिलाविरुद्ध हुने हिंसालाई सन् २०२३/०२४ सम्म पाँच प्रतिशत घटाउने लक्ष्य लिइएको छ तर नेपालमा महिलाविरुद्ध हुने हिंसाको आँकडा भने वर्षेनि बढ्दै गएको देखिन्छ । नेपाल प्रहरीमा बितेको आर्थिक वर्ष २०७८/०७९ मा १७ हजार महिलाबिरुद्ध हुने हिंसाका घटनाहरु दर्ता भएका थिए । यसको अघिल्लो वर्ष २०७७/०७८ मा यो संख्या १४ हजार २ सय ३२ थियो । दश वर्षअघि आर्थिक वर्ष २०६९/०७० मा प्रहरीसम्म पुगेका महिला हिंसाका घटनाको संख्या एक हजार आठ सय मात्र थियो । महिलाबिरुद्धका हिंसाका घटनामा बलात्कार, बलात्कार प्रयास, बहुविवाह, घरेलु हिंसा, बाल यौन हिंसा, बोक्सीको आरोप, बालविवाह, छुवाछुत, गर्भपतनलगायत महिला भएकै कारण खेप्नुपर्ने दुर्व्यवहारका उजुरीहरु प्रहरीमा पर्ने गर्छन् ।

खासमा लैङ्गिक हिंसाबिरुद्धको १६ दिवसीय अभियान समाजमा महिलामाथि भइरहेका हिंसाप्रति ध्यानाकर्षण गराउने र हिंसा अन्त्य गर्न सरोकारवाला सबैलाई जिम्मेवार बनाउन चलाउने गरिन्छ । नोभेम्बर २५ मा पर्ने महिलाविरुद्ध हुने हिंसा उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवस र डिसेम्बर १० मा अन्तर्राष्ट्रिय मानवअधिकार दिवस यी दुई दिवसलाई जोडेर महिलाबिरुद्ध हुने हिंसा मानवअधिकारको हनन् हो भन्ने प्रतीकात्मक सन्देश दिन खोजिएको देखिन्छ । तर जतिसुकै मानवअधिकारको कुरा गरे पनि महिलाबिरुद्ध लगातार हिंसा, दुर्व्यवहार हुनु, न्यायिक प्रक्रियामा आएका प्रभावितहरु होस्टाइल बन्ने अवस्था देखिनु, हत्या तथा बढ्दो आत्महत्याले मानव अधिकारको दुरावस्था नै देखाउँछन् । मुलुकमा लामो राजनीतिक संघर्षबाट लोकतान्त्रिक शासन व्यवस्था स्थापना भएको छ । मानवअधिकारका आधारभूत मूल्यमान्यतालाई संविधानले एक हदसम्म संस्थागत पनि गरेको छ तर मानवअधिकारको मूल्य मान्यता र सिद्धान्तसँग तादाम्यता मिलाउँदै अघि बढ्न सकिएकै छैन । कार्यान्वयनको पाटो सर्वत्र फितलो छ । पितृसत्तात्मक मूल्यमा आधारित सोच बदल्दै समानतामा आधारित सोच अनुरुप व्यवहारिक रुपान्तरणमा व्यक्ति, समाज र राज्यका संरचनाहरु अझै अघि बढ्न सकिरहेका छैनन् ।

नेपाली समाजमा यस्तो हिंसा प्रभावित महिला तथा बालिकाहरु सहजै खुलेर आफ्नो पीडा पोख्न सक्ने अवस्था अझै छैन । पारिवारिक, सामाजिक इज्जत प्रतिष्ठासँग जोडिएर हेर्ने प्रचलनले पनि बहुसंख्यक महिला तथा बालिकाहरु सकेसम्म हिंसा सहेरै बस्ने गरेको, न्यायिक/अर्धन्यायिक निकायसम्म निकै कममात्र उजुरी पर्ने गरेको बताइन्छ । तथापि पछिल्लो समय महिला सशक्तिकरणमा भएको प्रगति र महिला हिंसासम्बन्धी कानुनी, सहयोगी संरचनाले गर्दा उजुरीको संख्या बढ्दै गएको पनि भन्ने गरिन्छ । दैनिकजसो सार्वजनिक भइरहने महिलाबिरुद्धका जघन्य हिंसाका घटना र ती घटनामा प्रकट हुने महिलाद्वेषी टिप्पणीहरुले नेपाली समाज आज पनि कतिसम्म महिलाप्रति असहिष्णु छ भन्ने नै देखाउँछ । नेपाली समाजमा आज पनि महिलालाई समान रुपमा मर्यादा, सम्मान र अधिकार प्रदान गरिएको छैन । यही असमान व्यवहारको परिणाम महिलामाथि हुने गरेको हिंसा हो भन्ने हामी सबैले बुझ्नुपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# छोराछोरीका लागि अभिभावकमा हुनुपर्ने गुण



आचार्य लक्ष्मण भण्डारी

**१. छोराछोरीको जीवनमा सहभागी बन्नुस्:**

एक्लो जीवन बाँच्दा खासै अप्ठ्यारो हुँदैन । पारिवारिक बोझ पनि भएन । जता गए पनि भयो, जता बसे पनि भयो । कसैप्रति खासै उत्तरदायी पनि हुनुपरेन, जवाफदेही पनि हुनुपरेन । सरसर्ती हेर्दा सजिलो जस्तो पनि देखिन्छ, तर बिहे नगरी एक्लो जीवन बाँचेका मानिस पनि केही नगरी बस्न भने चाहँदैनन्, सक्दैनन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अविवाहित हुन्, तर उनी २४ घन्टामा कम्तीमा १५ घन्टा काम गर्छन् भनिन्छ । विवाह गरेर घरजम गरेका, बालबच्चा भएका गृहस्थहरूले बरू कम काम गर्लान्, मोदीले त्योभन्दा धेरै काम गर्छन् ।

फ्लोरेन्स नाइटिङ्गेल पनि अविवाहित नै थिइन्, तर उनी पनि रातदिन रोगीकै सेवामा संलग्न हुन्थिन् । नाइटिङ्गेल र मोदीजस्तै कति अविवाहितहरूका जीवनकथा हामीले पढेका छौँ, जसले र ातदिन काम गरे, अर्काकै लागि जीवन बिताए ।

अविवाहित यी प्रसिद्ध व्यक्तित्वको सन्दर्भ यहाँ चर्चा गर्न खोज्नुको अर्थ के हो भने मानिसको जन्म नै सेवा र परोपकारका लागि हो । चाहे बिहे गरौँ, चाहे अविवाहित नै रहौँ, आखिर हाम्रो दौडधूप, जोडघटाउ जेजति छ, त्यो सबै या त छोराछोरीका लागि हो, या त समाजका लागि हो ।

हामी अभिभावक बनिसकेका छौँ भने हामीले हाम्रा बाबुनानीहरूलाई बोझ ठान्नुहुँदैन । बरू, बालबालिकाहरूसित जति धेरै समय बितायो उति नै हलुका भइन्छ, आनन्दित भइन्छ । उनीहरू आफू त पवित्र नै हुन्छन्, हामीलाई पनि पवित्र तुल्याइदिन्छन् । बालबालिकासित हिमचिम गर्नु, बसउठ गर्नु, भलाकुसारी गर्नु, समय बिताउनु आफू पनि उनीहरू जस्तै सहज, सरल र निष्पाप हुनु हो ।

तपाईंहाम्रा छोराछोरीले उनीहरू हामीसितै भएको महसुस गरून् । उनीहरूका काममा सघाउने, आवश्यकताका आधारमा काममा सहभागी हुने, मैले के गर्नुपऱ्यो ? भन भनेर सोध्ने गर्दा तिनले हामीलाई आफ्ना सहयोगी र साथीका रूपमा स्वीकार्न थाल्दछन् । उनीहरूको दैनिक जीवनमा, काममा, रूचिमा, रमाइलोमा हामी जति धेरै सहभागी हुन्छौँ त्यसले उनीहरूभित्रको आत्मविश्वास अझ बढेर जान्छ । 'म एक्लो छैन र कमजोर पनि छैन किनकि मसित मेरा बाबा हुनुहुन्छ अथवा आमा हुनुहुन्छ । उहाँले मेरा हरेक काममा साथ दिनुहुन्छ' भन्ने भावना विकसित हुन्छ । यस्तो हुनु भनेको ऊ थप सशक्त हुनु हो, आत्मविश्वासी र सुदृढ हुनु हो ।

उनीहरूको जीवनमा तपाईंको सहभागिताले गर्दा तिनले तपाईंप्रति गर्ने सम्मान र आदरमा पनि वृद्धि हुन्छ । मान्छेलाई अन्तिममा नभई नहुने कुरा भनेकै आत्मसम्मान हो, आदर हो । आफैँले हुर्काएका छोराछोरीले टेरेनन्, तिनले सम्मान गरेनन् भने सारै खल्लो हुन्छ । हामी आफूलाई अपमानित महसुस गर्न थाल्छौँ । त्यसो नहोस् भन्नका लागि हामीले उनीहरूका काम र जीवनमा अनिवार्य सहभागिता जनाउनै पर्दछ ।

बालबालिका उच्च विवेकशक्ति भएका हुँदैनन् । जसले पनि उनीहरूलाई विचलित तुल्याउन सक्छन् । तपाईं उनीहरूको लेखपढ, खेलकुद, हिँड्डुल आदिमा सहभागी हुनुभयो भने त्यसो गर्न पाउँदैनन्, अर्थात् खराब कुरा सिको गर्न र बदमासी गर्न पनि पाउँदैनन् । उनीहरू तपाईंकै आदेश निर्देशनमा अघि बढ्ने हुन्छन् । बाबुआमा आफ्ना छोराछोरीका काममा संलग्न भइरहँदा उनीहरूले हामीबाट उच्च प्रेरणा पनि पाइरहेका हुन्छन् । जीवनमा उत्प्रेरणाको धेरै ठूलो हात हुन्छ । व्यक्तिले जति धेरै ढाडस, आड र भरोसा पाउँछ उति नै जीवनप्रति प्रेरि त हुन्छ । हामीले उनीहरूसित बारम्बार सँगै भएर उत्साह दिँदा, तिनका काममा चासो दिँदा तिनले आफू बलियो भएको, प्रेरित भएको महसुस गर्दछन् ।

आज हामीसित पैसा छ, प्रतिष्ठा पनि छ, तर समय छैन । त्यही समय नहुँदा अर्थात् उनीहरूका काममा संलग्न नहुँदा सबै हुँदाहुँदै पनि अथवा तिनका लागि प्रशस्त पैसा खर्च गर्दागर्दै पनि छोराछोरी आफ्ना हुन सकेका छैनन् । भए पनि तिनको सम्मान, आदर र भरोसा छैन, किनकि हामीले कहिल्यै पनि यसरी उनीहरूका काममा सहभागी हुने, चासो राख्ने, प्रेरित गर्ने गरेका छैनौँ । यसर्थ, हाम्रा छोराछोरीका विभिन्न काममा हाम्रो सहभागिताले निकै ठूलो अर्थ राख्दछ ।

**२. बच्चाको भावनासित समायोजित हुनुस्:**

छोराछोरीसित जोरी खोजेर कहिल्यै पनि हुँदैन । ती हाम्रा साथी, दाजुभाइ होइन, छोराछोरी हुन् भन्ने कुरा बिर्सन हुँदैन । कतिपय बाबुआमा आफ्ना छोराछोरीसित मुखमुखै लागेर झगडा गर्ने गरेका पनि देखिन्छन् । आफ्नो बच्चा जति चर्को बोलेको छ त्योभन्दा चर्को बोलेर बाबुआमाले गाली गर्न थालेपछि के होला ? यसले छोराछोरीले हामीलाई हेप्ने बानीको विकास गर्दछ । हामीलाई नटेर्ने हुन्छन्, हाम्रा छोराछोरी ।

यो उनीहरूका भावनालाई नबुझी व्यवहार गर्दा आउने समस्या हो । हामी उनीहरूका विचार, भावनालाई निषेध गरेर कहिल्यै आदर्श अभिभावक बन्न सक्दैनौँ । आमाले सानो बच्चासित कुरा गर्दा सानो बच्चोजस्तै भएर कुरा किन गर्छिन् त ? किनभने बच्चाले आफ्नो भाषामा बोलेको कुरा राम्ररी बुझ्छ । साना-साना बच्चासित व्यवहार गर्दा ४० वर्षको मान्छेसितजस्तो व्यवहार गरेर कहाँ हुन्छ ?

कहिलेकाहीँ बालबच्चाका लागि भनेर कार्यक्रमहरू आयोजना गरिएका हुन्छन् । ५ वर्षदेखि १५ वर्षसम्मका बालबालिकालाई शिक्षा दिने कुनै कार्यक्रम राखिएको छ भन्ने मानौँ एकछिन । त्यहाँ ती साना-साना बालबालिका बोल्नुहुँदैन, नचली बस्नुपर्दछ, यताउता हेर्न हुँदैन भन्ने सोच्यौँ भने हामी गलत हुन्छौँ । हामीले यदि तिनलाई ४० वर्षका मान्छेजस्तै शान्त, सुशील, हलचल नगरी योगी, तपस्वीजस्तै मस्त भएर बसून् भन्ने ठान्यौँ भने हामी कहिल्यै असल अभिभावक बन्न सक्दैनौँ ।

त्यतिबेला उनीहरूजस्तै भएर व्यवहार गर्नुपर्दछ, तिनका भावना र विचारलाई सम्बोधन गर्नुपर्दछ । खेलका माध्यमले कक्षा लिनुपर्दछ र बल्ल ती प्रसन्न हुन्छन् । कहिल्यै पनि ती साना-साना बालबच्चालाई आफूजस्तै बनाउन खोज्नुहुँदैन, आफू तीजस्तै केटाकेटी बन्न सक्नुपर्दछ ।

ठूला मान्छे इज्जत, प्रतिष्ठा, सम्मान र अभिमानलाई अति धेरै ख्याल गर्ने खालका हुन्छन् । सबैले इज्जत गरून्, मलाई चुपचाप सुनून् भनेर आशा र अपेक्षा राख्छौँ प्रायः हामी प्रौढहरू । तर, यो अपेक्षा साना-साना बाबुनानीसित राख्नुहुँदैन, किनकि उनीहरूबाट त्यो सम्भव नै हुँदैन । बालबालिकासित यदि काम गर्ने हो, उनीहरूसित सम्बन्ध गाँस्ने हो या उनीहरूलाई केही सिकाउने हो भने हामी उनीहरूजस्तै बन्न जरूरी छ । तिनको आदर पाउन होइन, तिनलाई आदर गर्न तयार हुनुपर्दछ । तिनलाई आदर गर्न नमस्कार नै गर्नुपर्छ भन्ने होइन, मात्र उनीहरूले बुझ्ने शैलीमा कुरा गरे पुग्छ ।, हाँसे हँसाए हुन्छ, जिस्किए जिस्क्याए हुन्छ ।

बालबालिका खेल मन पराउँछन् । हाँस्न, हँसाउन, जिस्कन, जिस्क्याउन मन पराउँछन् । पुरस्कार, प्रशंसा र स्यावासीले फुरूङ्ग हुन्छन् । यी कुरालाई गहिरोसित मनन गरेर उनीहरूलाई सम्झाउने, लेखाउने, पढाउने, बुझाउने गऱ्यौँ भने बालबालिका कहिल्यै पनि हाम्रालागि बोझ बन्दैनन्, बरू आनन्दका स्रोत बन्छन् ।

हामीले बारम्बार निर्देशनमात्रै दिन मन पराउँछौँ, तर कहिल्यै पनि त्यसो गर्न हुँदैन । प्रेमपूर्ण परामर्श ठीक छ, तर पटकपटक यसो गर्, उसो गर् भन्ने मान्छेलाई बालबालिकाले कहिल्यै मन पराउँदैनन् । हामी अभिभावक निर्देशकभन्दा धेरै सहयोगी हुनुपर्छ भन्ने कुरा कहिल्यै बिर्सनुहुँदैन । निर्णय गर्दा उनीहरूसित सल्लाह गरेर उनीहरूकै अनुमतिमा नयाँ नियम, नीति र कामहरू बनायौँ भने त्यो प्रभावकारी हुन्छ । हामी यहाँनेर मित्रजस्तो बन्नुपर्दछ, किनकि मित्रले भन्दा धेरै भावना बुझ्ने मान्छे अर्को हुँदैन । बालबालिकाले हामीसित कुरा गर्दा अथवा केही भन्नुपर्दा कहिल्यै पनि डराएको महसुस नगरून् । विचारलाई सन्तुलनमा राखी उनीहरूका भावनालाई बुझेर व्यवहार गरियो भने अवश्य पनि हाम्रा छोराछोरीले हाम्रो भावनालाई पनि कदर गर्नेछन् र हामीले भनेका काम रूचिसाथ सम्पन्न गर्नेछन् ।

**३. नियम बनाउनुस्:**

यदि तपाईंको बच्चाले नियमको पालन गरोस्, क्रमबद्ध तरिकाले काम गरोस्, सबै कुरा एउटा विधि र आचार संहिताभित्र रहेर गरोस् भन्ने चाहनुहुन्छ भने घरमा पनि त्यसैअनुसारको अभ्यास

*बाँकी पृष्ठ ३ मा*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालयः थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०७९ मसिर २६ गते सोमबार, 12 Dec. 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## छोराछोरीका लागि . . . ...

हुने व्यवस्था मिलाउनुपर्दछ । घरमा हामीले एउटा साझा आचारसंहिता निर्माण गर्न सकिन्छ, जसलाई घरपरिवारका प्रत्येक सदस्यले अनिवार्य पालन गर्नुपर्ने होस् । बिहान उठ्ने, बेलुकी सुत्ने, पढ्ने, काम गर्ने, खाना खाने, नास्ता खाने, सरसफाइ गर्ने, खेल्ने, नुहाउने, घुम्ने सबै कामलाई एउटा निश्चित तालिका बनाएर गर्न सकिन्छ । यी जति पनि कामहरू हुन्छन् ती कामहरूलाई सबैले तोकिएको समयभित्र अनिवार्य पूरा गर्ने, प्रभावकारी तरिकाले सम्पन्न गर्ने भन्ने आदर्श निर्माण गरियो भने त्यसले सबैलाई एउटा निश्चित सीमाभित्र रहन प्रेरित गर्दछ ।

घरमा कसैले पनि सुर्ती, चुरोट खान नपाउने, आफूले खाएको थाल, कचौरा, भाँडा आदि आफैँले माझ्न पर्ने, उठेपछि ओछ्यान आफैँले मिलाउनुपर्ने, पढ्ने टेबल, किताबकापी सबै आफैँले मिलाउनुपर्ने जस्ता नियम सेट गरेर घर को कुनै ठाउँमा टाँस्न सकिन्छ अथवा एकप्रकारको मौखिक सहमति गर्न सकिन्छ ।

घरका सबै परिवारलाई यसो गर्ने, यसो नगर्ने, यो ठीक हो, यो बेठीक हो भन्ने भइसकेपछि त्यसलाई बालबालिकादेखि अभिभावकसम्म सबैले अनिवार्यरूपमा पालन गर्ने भन्ने संकल्प गर्न सकिन्छ ।

यसले परिवारका सबै सदस्यमा अनुशासनको संस्कार निर्माण गर्दछ । घर अनुशासन र विधिलाई सम्मान गर्ने कुरा सिक्ने सबैभन्दा सुन्दर स्थान हो । बालबालिकाले घरबाट सिकेको मर्यादा, संस्कार र विधिविधानलाई विद्यालयमा पनि लागू गर्दछन्, समाजमा पनि लागू गर्दछन्, सबैतिर लागू गर्दछन् ।

यो नियम र संहिता त बनाउने तर अभिभावकलाई लागू नहुने, छोराछोरीलाई मात्रै लागू हुने स्थिति भयो भने फेरि त्यसले केही काम गर्दैन । अभिभावक आफू भने ७ बजेसम्म सुत्ने, तर बालबालिका ५ बजे नै उठ्ने भयो भने त्यो न्यायपूर्ण हुँदैन । परिवारका केही सदस्यले मान्ने, केहीले नमान्ने भयो भने त्यो घरमा पनि अराजकता पैदा हुन्छ । यदि कसैले नियम उल्लङ्घन गर्छ भने उसलाई सबैले प्रेमले सम्झाउन सकिन्छ । घरका सबै सदस्य बसेर हाँसीहाँसी अबदेखि सबैले नियम मान्नुपर्छ भन्ने निष्कर्षमा पुग्नुपर्दछ । यो संस्कार यदि घरमा बस्यो भने बालबालिकाका हरेक काम अत्यन्त क्रमबद्ध, सिलसिलेबार, रूचिपूर्ण, नियमसङ्गत र व्यवस्थित हुँदै जान्छन् । हरेक काम व्यवस्थित गर्ने संस्कार घरबाट सिकेपछि बाहिर रहँदा पनि कहिल्यै अप्ठ्यारो हुँदैन । बच्चाको सिकाइ पनि अत्यन्त व्यवस्थित हुँदै जान्छ ।

यसले अनावश्यकरूपमा समय बर्बाद हुनबाट जोगाउँछ । काम गर्दा हुने अलमल र ढिलासुस्ती पनि हटेर जान्छ । समयमै काम गर्ने बानीको विकास हुन्छ । समयमै काम सम्पन्न हुने हुँदा विद्यालयमा पनि कुनै तनाव हुँदैन, सबैको प्रिय बन्ने अवसर प्राप्त हुन्छ । निश्चित आचारसंहितामा रहने र क्रमबद्ध तरिकाले काम गर्ने बानीले ठूला-ठूला मनोरोगबाट बचाउँछ । एउटा सिस्टमअनुसार काम गर्न थालेपछि मन पनि अनावश्यक कुरामा बरालिन पाउँदैन । बालबालिका जब काममा व्यस्त हुन्छन्, एउटा अनुशासन र क्रमबद्ध जीवनशैलीमा अभ्यस्त हुन्छन्, अनि तिनको ऊर्जा पनि सिर्जनात्मकतातिर अभिप्रेरित हुन जान्छ र अध्ययनमा पनि सफलता प्राप्त हुन्छ ।

घरमा सबैले निश्चित आचार र नियमको मर्यादामा रहेर काम गर्नका लागि यसरी निर्माण गरिने अनुशासन संहिता अथवा आचारसंहिताले बिस्तारै हामीभित्रको सुषुप्त मस्तिष्कमा पनि गहिरो प्रभाव पार्दछ । हाम्रो गुप्त मनमा जब यो बारम्बारको अभ्यासको अभिलेख रहन थाल्छ, बिस्तारै शरीर र मनका कोषकोषले पनि सबै काम सिस्टममा अनुशासित तवरले गर्नुपर्दछ भन्ने संकेत गर्न थाल्छन् । यही नै संस्कार हो ।

हाम्रो जीवनशैलीका हरेक आयामहरूलाई समेटेर घरमा परिवारका लागि आपसी सल्लाहमा यो संहिता वा सुसंस्कृत कार्यप्रणाली संहिता निर्माण गर्न सकिन्छ ।

### ४. बाबुनानीलाई आत्मनिर्भर वा स्वतन्त्र रहन प्रेरित गर्नुस्:

यदि तपाईं आमा हुनुहुन्छ भने विचार गर्नुस् । तपाईंले बच्चा जन्माउनुभयो, हुर्काउनुभयो, पालनपोषण गर्नुभयो, धेरै गर्नुभयो । बच्चा हिँड्न, डुल्न, बोल्न, खान, खेल्न केही जान्दैनथ्यो, सबै सिकाउनुभयो, किन सिकाउनुभयो भने यो उसले जान्नु जरूरी छ, त्यसैले । किन जान्नु जरूरी छ भन्दा ऊ हिँड्नुछ, बाँच्नुछ, नाच्नुछ, खानुछ, बोल्नुछ, धेरै कुरा गर्नुछ, त्यसैले ।


यदि तपाईंले नै सबै काम गरिदिएर हुने भएका भए उसलाई यति धेरै कुरा सिकाइरहन आवश्यक नै थिएन, ऊ जस्तो रहन्थ्यो रहन्थ्यो । उसलाई तपाईंले हिँड्न नसिकाएका भए पनि हुन्थ्यो नि ! तातेताते गर्दै हिँड्दा कतिपटक ऊ पछारिन्थ्यो, यदाकदा चोटपटक पनि लाग्थ्यो, तर पनि आफ्नै खुट्टामा उभिएर हिँडेको देख्ने तपाईंको सपना भएकाले गर्दा चोटपटक लागे पनि उसलाई अनेक गरेर हिँड्न सिकाउनुभएको हो नि, होइन र ? त्यसोभए ठूलो हुँदा पनि किन धेरै चिन्ता लिनुहुन्छ, काखी धेरै च्याप्नुहुन्छ ?

यसर्थ, बच्चालाई अरू बेलामा पनि उनीहरू आत्मनिर्भर होऊन्, स्वतन्त्र र हून् भनेर प्रेरित गर्नुपर्दछ । हाम्रा छोर ाछोरीलाई जेजति गरेका छौँ, आखिर घर छोडेर बाहिर निस्कँदा सबल होऊन् भन्नका लागि नै त गरेका हौँ । एउटा चराले गुँड बनाउँछ, फुल पार्छ । बच्चा कोरल्छ, गर्नु दुःख गर्छ, तर पछि उड्न सिकाउँछ र गुँड खाली बनाउँछ । हाम्रो उद्देश्य पनि उनीहरू पखेँटा बलिया बनाऊन् र उँडून्, उचाइमा माथिमाथि भन्ने नै हो । तसर्थ, साना-साना काम उनीहरू आफैँले गर्ने गरून् भन्ने भावना राख्नुस् र त्यसैअनुसार उत्प्रेरित पनि गर्नुस् ।

*(acharyalb@gmail.com बाट प्राप्त)*

# महिनावारी सुकेपछि के हुन्छ ?

महिलाको शारीरिक संरचना यति जटिल हुन्छ कि त्यसले विभिन्न क्षणमा ठूलो उथलपुथलबाट गुज्रिनुपर्ने हुन्छ । ९ देखि १३ वर्षको उमेरमा र जस्वला सुरू हुनु, युवावयमा गर्भवती हुनु, प्रसूति पीडा खेप्नु अनि फेरि उमेर ढल्किंदै गएपछि रजोनिवृत्ति हुनु ।



शारीरिक र भावनात्मक रूपले यी चरणहरू महिलाका लागि त्यति सहज हुँदैनन् । मोनोपोज अर्थात् रजोनिवृत्ति एक यस्तै चरण हो, जहाँ महिलाले फरक स्थितिबाट गुज्रिनुपर्ने हुन्छ । महिलाहरूमा रजस्वला बन्द भएको वा रोकिएको अवस्थालाई रजोनिवृत्ति भनिन्छ । यस अवस्थामा महिलाको अण्डाशयको काम स्थायी रूपमा बन्द हुन्छ । प्रजनन् शक्ति समाप्त हुन्छ ।

यो एउटा प्राकृतिक प्रक्रिया हो । महिनावारी हुन छाडेपछि महिलाको शरीरमा विभिन्न हर्मोनल परिवर्तन हुन्छ । जसको कारण महिलामा विभिन्न समस्या देखा पर्न सक्छन् । ४५ देखि ५५ वर्ष उमेरभित्रमा महिलाहरूमा रजोनीवृत्ति हुन्छ । धेरैजसो महिलामा ५० वर्षमा महिनावारी सुक्छ । पाठेघरको दुईतिर दुईवटा डिम्बाशय रहेको हुन्छ । त्यसले 'एस्ट्रोजोन' र 'प्रोजोस्ट्रोन' नामक हर्मोन उत्पादन गर्छ । यो हर्मोनले गर्दा नै महिनावारी नियमित हुन्छ । रजोनिवृत्ति भएपछि दुईवटा डिम्बाशयले काम गर्न छोड्छ र हर्मोनको उत्पादन पनि हुन छाड्छ ।

यी दुई हर्मोन बन्न छाडेपछि शरीरमा यसको कमी हुने र जसकारण महिनावारी सुकेपछि विभिन्न समस्या देखा पर्न थाल्ने प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. श्वेता सिंह बताउँछिन् ।

महिनावारी रोकिएपछि महिलाको शरीरमा 'एस्ट्रोजोन' र 'प्रोजोस्ट्रोन' हर्मोनको कमी हुन्छ, जसले विभिन्न शारीरिक परिवर्तन देखा पर्छन् । डा. सिंह भन्छिन्, 'हर्मोनको कमीले निद्रा नलाग्ने, खलखल पसिना आउने, एकदमै जाडो र गर्मी हुनेजस्ता लक्षण देखा पर्छन् ।' यी हर्मोनले शरीरमा क्याल्सियम अवशोषित गर्ने काम पनि गर्छ । जसकारण हाडजोर्नी कमजोर भएर ढाड, कम्मर र जोर्नी दुख्नेजस्ता समस्या देखिन्छन् । कतिमा त मुटुमा नै समस्या देखिने पनि हुनसक्ने सिंह बताउँछिन् ।

'पाठेघरमा ठूलो 'ट्युमर' भयो वा अन्य कुनै जटिल समस्या भएर पाठेघर तथा दुवैतिरको डिम्बासय नै निकाल्नुपर्ने अवस्था आएमा 'एस्ट्रोजोन' एस्ट्रोजोन' र 'प्रोजोस्ट्रोन' हर्मोन उत्पादन हुँदैन र महिनावारी पनि हुँदैन ।

'हर्मोनको कमीले गर्दा भावनात्मक परिवर्तन देखा पर्छ । जसले गर्दा मुड परिवर्तन हुने, सानो सानो कुरामा रिस उठ्ने र झर्को लाग्ने पनि हुन सक्छ,' उनी भन्छिन् ।

प्राकृतिक रजोनिवृत्ति हुने एउटा निश्चित समय हुन्छ । तर कृत्रिम रजोनीवृत्ति भने ३५, ४० वर्ष जुनसुकै उमेरमा पनि हुन सक्छ । 'पाठेघरमा ठूलो 'ट्युमर' भयो वा अन्य कुनै जटिल समस्या भएर पाठेघर नै निकाल्नुपर्ने अवस्था आएमा 'एस्ट्रोजोन' र 'प्रोजोस्ट्रोन' हर्मोन उत्पादन हुँदैन र महिनावारी पनि हुँदैन । जसलाई कृत्रिम रजोनिवृत्ति भनिन्छ' डा. सिंह भन्छिन् ।

केही महिलामा कुनै स्वास्थ्य समस्याका कारण डिम्बाशयले राम्ररी काम गर्न सकेको हुँदैन । पाठेघर र डिम्बाशयको क्यान्सरका बिरामीमा रेडिएसन दिनुपरेमा पनि डिम्बाशयले काम गर्न छाड्ने र त्यस्तो अवस्थामा महिनावारी सुकेर जाने सिंह बताउँछिन् । साथै शरीरमा प्रोल्याक्टिन भन्ने हर्मोन बढी छ भने महिनावारी सुक्छ । शरीरमा थाइराइड हर्मोन कम वा बढी भएको छ भने पनि महिनावारी गडबडी हुने वा सुक्ने समस्या देखापर्ने सिंहको भनाइ छ ।

महिनावारी रोकिएपछि हर्मोनको कमीले शरीरमा विभिन्न परिवर्तन तथा समस्या देखा परेको छ भने त्यसको उपचार हर्मोनल रिप्लेसमेन्टबाट हुन्छ । कमी भएको हर्मोनलाई बाहिरबाट औषधि वा भजाइनामा लगाइने जेलको माध्यमबाट दिएर शरीरमा हर्मोनको मात्रा बढाइने डा. सिंह बताउँछिन् ।

बाहिरबाट दिएको त्यो हर्मोनल औषधिको प्रयोग डाक्टरको सल्लाहअनुसार गर्नुपर्छ । यसो गरेमा हर्मोनको कारणले शरीरमा भएको परिवर्तन र समस्या कम हुने सिंह बताउँछिन् । कृत्रिम रजोनिवृत्ति हुने विभिन्न कारण हुन्छन् । थाइराइड तथा प्रोल्याक्टिन हर्मोनको कारण यस्तो समस्या भएको हो भने ती हर्मोनलाई सही अवस्थामा ल्याउनुपर्छ ।

डा. सिंह भन्छिन्, 'पाठेघर तथा अण्डाशयमा समस्या भएर कृत्रिम र जोनिवृत्ति भएको खण्डमा भने हर्मोनल पिल्सको सेवन गर्नुपर्ने हुन्छ । लामो समयसम्म हर्मोनल थेरापी गर्नुपर्ने हुन्छ । यस्ता समस्या भएका महिलाले ६ महिना वा एक वर्षको अन्तरालमा अस्पताल गएर फलोअप गर्नुपर्छ । जसले गर्दा त्यो औषधिको सेवनले अन्य समस्या निम्तिन पाउँदैन ।'






# घर जल्दा आगो निभाउने दमकल छैन, मकवानपुका जनप्रतिनिधि गाडी !




◆ विकास संवाददाता

मकवानपुरका अधिकांश स्थानीय तहका जनप्रतिनिधि गाडीमा सरर हिँड्छन् । कानुनतः सवारीसाधनको सुविधा पाउने भएपछि जनप्रतिनिधिहरूले सवारीसाधनको प्रयोग गर्नु स्वाभाविकै हो । तर, कानुनले खरिद गर्न सक्ने सुविधा दिँदा पनि स्थानीय तहका जनप्रतिनिधिले दमकल किन्न चासो दिएका छैनन् ।

एउटै कानुनले जनप्रतिनिधिको सवारी सुविधामा र जनताको जिउधनको सुरक्षा गर्न दमकल खरिद गर्ने अधिकार दिएको छ । तर, जिल्लाका अधिकांश स्थानीय तहका प्रमुखहरूले आफ्नो सुविधाप्रति बढी चासो र जनताको सुरक्षामा भने बेवास्ता गरेको देखिन्छ । जिल्लाका १० स्थानीय तहमध्ये आठवटा गाउँपालिकाले दमकल किनेका छैनन् ।

हेटौँडा उपमहानगरपालिकासँग दुईवटा र जिल्लाको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिकासँग एउटा दमकल छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले दमकल सञ्चालन गर्ने व्यवस्था गरेको छ । कानुनी रूपमै दमकल सञ्चालन गर्न सक्ने भए पनि दमकल सञ्चालनको कुरा छोडौँ, गाउँपालिकाहरूले हालसम्म यससम्बन्धी कार्यविधिसमेत बनाएका छैनन् ।

२०७४ को स्थानीय चुनावपछि निर्वाचित भएका जनप्रतिनिधिले हतारमा आफ्नो सुविधाका लागि कार्यविधि बनाएर कार्यान्वयन गरे । तर, पाँच वर्ष बितिसक्दा पनि जनताको सुरक्षामा चासो देखाएनन् । वैशाख ३० मा भएको स्थानीय चुनावबाट चुनिएका जनप्रतिनिधिहरूले पनि दमकल खरिद प्रक्रियामा चासो दिएका छैनन् । जिल्लाका अधिकांश पालिकाका अध्यक्ष र उपाध्यक्षका लागि चारपाङ्ग्रे आरामदायी सवारीसाधन भने छ ।

सरकारले केही वर्षअघि दमकल खरिदका लागि भन्दै स्थानीय विकास मन्त्रालयमार्फत देशभरका विभिन्न स्थानीय तहलाई ६०/६० लाख रूपैयाँको दरले बजेट दिएको थियो । तर, २८ वटा स्थानीय तहले मात्रै दमकल खरिद गर्न सके, अन्यले नसकेपछि त्यो बजेट पुनः दिइएन । दमकल खरिद नगरेपछि सरकारले स्थानीय तहहरूलाई पुनः बजेट नदिएको हो ।

सडक खन्न एक्स्याभेटर, डोजर, लोडर, टिपर खरिद गर्न सक्ने गाउँपालिकाले विगतका पाँच वर्षसम्म पनि दमकल खरिदका लागि बजेट छुट्याएका छैनन् । एउटा उदाहरण जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका हो । बागमती गाउँपालिका परिसरभित्र सडक निर्माणका लागि आवश्यक पर्ने सबै ठूला उपकरणहरू छन् । तर, दमकल छैन । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भक्नारायण घलान दमकल खरिद गर्ने बताउँछन् । उनका अनुसार हाल गाउँपालिकासँग एउटा एक्स्याभेटर, दुईवटा साना डोजर, दुईवटा टिपर, एउटा ग्रेडर, एउटा टेलर, पानी ट्याङ्की र एउटा रोलर छ ।

बकैया गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष चढ्ने गाडी भए पनि दमकल छैन । बकैयाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले दमकल खरिद गर्न बजेट नभएको बताए । हरेक वर्ष वितरणमुखी बजेट बनाउने गाउँपालिकाहरू एउटा दमकल खरिद गर्न बजेट अभाव भएको बताउने गरेका हुन् ।

मकवानपुरगढी गाउँपालिकामा पनि दमकल छैन । अध्यक्ष र उपाध्यक्ष चढ्ने आरामदायी गाडी र बाटो खन्नका लागि डोजर भने छ । मनहरी गाउँपालिकासँग एउटा लोडर र अध्यक्ष, उपाध्यक्ष र कर्मचारीहरूका लागि तीनवटा गाडी छन् । तर, दमकल भने नभएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले जानकारी दिए । मनहरीका अध्यक्ष रञ्जन कालाखेतीले भने गाउँपालिकाको गाडी प्रयोग गर्दैनन् । राक्सिराङ, कैलाश, भीमफेदी, इन्द्रसरोवर गाउँपालिकासँग पनि दमकल छैन । भीमफेदी गाउँपालिकाबाहेक अन्य सबै गाउँपालिकामा जनप्रतिनिधि चढ्न सवारीसाधन छ । भीमफेदी गाउँपालिकाका सूचना अधिकारी योजना महाशाखा प्रमुख बद्री सापकोटाले जनप्रतिनिधि चढ्नेदेखि बाटो खन्ने कुनै गाडी पनि नभएको र दमकल पनि नभएको बताए । भीमफेदीका अध्यक्ष हिदम लामा आफ्नै निजी गाडी चढ्दै आएका छन् ।

इन्द्रसरोवर गाउँपालिकाका सूचना अधिकारी राजन खतिवडाले दुई वर्षअघि दमकल खरिद गर्न खोजे पनि दुई वा त्योभन्दा बढी पालिका मिलेर दमकल खरिद गर्ने योजना पूरा नभएको बताए । इन्द्रसरोवरको नजिकका क्षेत्रमा थाहा नगरपालिकाको दमकलले काम चलाउने गरेको जनाइएको छ । थाहाको वारुणयन्त्र शाखाले एउटा दमकल थाहा नगरपालिकाभित्रै अपुग भएको जानकारी दिएको छ । थाहानगरका अधिकांश क्षेत्र डाँडाकाँडा भएकाले एउटा दमकलले सेवा दिन अप्ठेरो परेको उक्त शाखाले जनाएको छ । आगलागीको जोखिमबाट मकवानपुरका कुनै पनि पालिका अछुतो छैनन् ।

दमकल आगो नियन्त्रणको प्रभावशाली साधन हो । तर, स्थानीय तहहरूले दमकल किन्नु त परै जाओस् आगलागीबाट बच्ने र नियन्त्रणका उपायहरूबारे सचेतना पनि नदिएको स्थानीयहरू बताउँछन् । तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०७८/७९ को बजेट सार्वजनिक गर्दै ७ सय ५३ वटै स्थानीय तहमा दमकल राखिने बताए पनि उक्त योजना कार्यान्वयनमा आएन । एउटा दमकललाई सामान्यतः ७० लाखभन्दा बढी मूल्य पर्छ । यसका लागि कम्तीमा तीन कर्मचारी २४ सै घण्टा खटनुपर्छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तथ्यांकअनुसार अहिले ६ सय स्थानीय तह दमकलविहीन छन् ।

उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।

– विकास खबरपत्रिका

# थाहानगरमा कृषि सहकारी थपिँदै

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा कृषि सहकारी थपिने भएको भएको छ । थाहा नगरपालिका वडा नम्बर १ ओखर बजारमा कार्यालय रहने गरी थाहा कृषि सहकारी संस्था लि. संचालनमा आउन लागेको हो ।

थाहानगर भरी कार्य क्षेत्र रहने गरी नगरपालिकामा दर्ता भएको थाहा कृषि सहकारीले कृषि सम्बन्धी कार्य, कृषकसंग बचत तथा ऋणको कारोबार, सीप विकास र रेमिट समेतको कार्य गर्ने तदर्थ समिति अध्यक्ष जितेन्द्र मगरले जानकारी दिए । ३१ सदस्यसहित स्थापना भएको सहकारीको कुल शेयर पुँजी ९ लाख ३० हजार रहेको छ ।

संस्थाले तत्काल कारोबार संचालन गर्ने सहकारीका केशव सुनारले जानकारी दिए ।

# मनहरी गाउँपालिकाका इन्जिनियरको राजिनामा, लेखा अधिकृत विदामा

◆ विकास संवाददाता

मनहरी गाउँपालिकाका प्रमुख इन्जिनियर अभिषेक पाण्डेले दिएको राजीनामा स्वीकृत भएको छ । व्यक्तिगत कारण देखाउँदै उनले राजीनामा दिएका हुन् । लामो समयदेखि मनहरी गाउँपालिकामा कार्यरत पाण्डेले दिएको राजीनामा मनहरी गाउँपालिकाले स्वीकृत गरेको हो ।

व्यक्तिगत कारण देखाउँदै पाण्डेले सेवाबाट राजीनामा दिनु भएको र गाउँ कार्यपालिकाको बैठकले राजीनामा स्वीकृत गरेको प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले बताए । स्रोतका अनुसार इन्जिनियर पाण्डे छिट्टै अष्ट्रेलिया जाने तयारीमा हुनुहुन्छ ।

त्यसैगरी मनहरी गाउँपालिकाकी लेखा अधिकृत संगिता अधिकारीको विदा पनि कार्यपालिका बैठकले स्वीकृत गरेको छ । उहाँले १ बर्षका लागि बिदा लिनका लागि गाउँपालिकासँग अनुमति माग गरेकी थिइन् । कार्यपालिका बैठकले मनहरी गाउँपालिकाको भूमि बर्गीकरण लगायतका कामहरूलाई व्यवस्थित गरेर लैजाने लगायतका निर्णयहरू गरेको जनाइएको छ ।

# कैलाशका स्वास्थ्य स्वयंसेविकालाई झोला, टर्च र छाता हस्तान्तरण



◆ विकास संवाददाता

कैलाश गाउँपालिकाले ४२ जना स्वास्थ्य स्वयंसेविकालाई झोला, टर्च र छाता उपलब्ध गराएको छ । १९ औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा कैलाश गाउँपालिका स्वास्थ्य शाखाले पालिकामा कार्यरत सबै स्वास्थ्य स्वयंसेविकालाई झोला, टर्च र छाता उपलब्ध गराएको हो । उक्त सामग्रिहरू गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान र उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले स्वास्थ्य स्वयंसेविकालाई हस्तान्तरण गरेका थिए ।

दिवसको अवसरमा नामटारमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष मुक्तानले महिला स्वास्थ्य स्वयंसेविकाहरू पालिकाको स्वास्थ्य क्षेत्रको मेरूदण्ड भएको बताए । कैलाशको गाउँघर तथा दुर्गम ठाउँहरूमा स्वयंसेविकाले पुर्याएको योगदानको उनले कदर गरे । पालिकाको तर्फबाट स्वास्थ्य स्वयंसेविकालाई थप १३ सय रूपैया उपलब्ध गराईएको उनले जानकारी दिए ।

कार्यक्रममा बोल्दै गाउँपालिकाका उपाध्यक्ष ठकुरीले कैलाश गाउँपालिका बालमैत्री घोषणा हुन गैरहेको सन्दर्भमा बालमैत्री सुचकांकको लक्ष्य प्राप्त गर्न स्वास्थ्य स्वयंसेविकाको निकै महत्वपुर्ण भुमिका रहने बताए ।

कैलाश गाउँपालिका वडा नम्बर ९ का अध्यक्ष भुवनसिं घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा स्वास्थ्य शाखा संयोजक जगन्नाथ प्रसाद साह, कालिका माविका प्रधानाध्यापक रामप्रसाद कालाखेती तथा स्वास्थ्य स्वयंसेविकाहरूको उपस्थिति थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# रासायनिक मल दिलाउन सांसद बर्तौला कृषि मन्त्रालय पुगे

◆ विकास संवाददाता

मकवानपुर प्रतिनीधिसभा क्षेत्र नम्बर २ का नवनिर्वाचित सांसद एवं एमाले नेता महेश कुमार बर्तौलाले संघीय कृषि मन्त्रालय पुगेर वागमती प्रदेशका लागि रासायनिक मलको कोटा बढाउन आग्रह गरेका छन् । कृषि मन्त्रालयका सचिव गोविन्दप्रसाद शर्मासँग सिंहदरबारमा भेटेर बर्तौलाले यस्तो आग्रह गरेका हुन् ।

बाली लगाउने समयमा मल नपाएको गुनासो मकवानपुरका किसानले गरेपछि बर्तौला कृषि मन्त्रालय पुगेका हुन्। किसानले तरकारी तथा अन्नबालीमा मल हाल्न नपाइरहेको समयमा तत्काल किसानकहाँ मल पुऱ्याउने वातावरण तयार गर्न आफू मन्त्रालय पुगेको उनले बताए। सचिबसंगको छलफलका क्रममा बर्तौलाले मकवानपुरमा थाहानगर, मनहरी गाउँपालिका जस्ता स्थानिय संघीय राजधानीको प्रत्येक भान्छामा मकवानपुरको तरकारी पाक्ने गरेको भएपनि अहिले त्यहाँका किसानले मल पाउन नसकेको वताए । अहिले तरकारी खेतिको सिजन हुँदा पनि रासाइनिक र युरिया मलको अभाव हुँदा ठुलो समस्या भोग्नुपरेकाले समयमानै यसको व्यवास्थापन गर्नका लागि सचिब शर्मा समक्ष आग्रह गरे ।

भेटमा तरकारी खेती हुने र वार्षिक ३/४ बाली लाग्ने स्थानहरूमा मल कोटा बढाउनुपर्ने, तत्काल आवश्यक पर्ने स्थानहरू र केही महिनामा मात्रै बाली लाग्ने स्थानको पहिचान हुनुपर्ने र सोही आधारमा वैज्ञानिक मल वितरण प्रणाली स्थापना गर्नुपर्ने सांसद बर्तौलाले आग्रह गरे ।



उनले अहिले भइरहेको टेन्डर प्रक्रियामा सुधार गर्नुपर्ने, प्रत्येक वर्षको नभै ५ वर्षको टेन्डर एकैपटक गर्नुपर्ने, प्रत्येक वर्षको टेन्डर गर्दा हप्ता दिनभित्रै गर्ने व्यवस्थापन गर्नु पर्ने र वागमती प्रदेशले पाउने मल अपुग भएको यसको मात्रा वृद्धि गर्न पनि आग्रह गरे। बर्तौलो सचिवसँग भेटपश्चात गठबन्धनको सर कार किसानको समस्याप्रति बेखवर र गैरजिम्मेवार भएको भन्दै प्रधामन्त्री को बन्ने भन्नेमा लुछाचुडीमा मात्रै नलागी रासायनिक मलको समस्यालाई समाधान गर्न माग गरे ।

नेपालले ल्याउने मलको १२ प्रतिशत मात्रै बागमती प्रदेसले पाउने गरेको र त्यसबाट मकवानपुरले पाउने गरेको थोरै मलबाट खेती गर्न समस्या भएको सांसद बतौृलाको भनाइ थियो। मन्त्रालयले खेतिको समयमा खेती नहुने जिल्ला वा प्रदेशले पाउने गरेको मलबाट मकवानपुर मल पठाउन र मलको अभाव परिपुर्ति गर्न आग्रह गरे । थाहा नगरपालिकाका स्थानीय डाक्टर रामहरी लामिछानेले मकवानपुरका जनताको जिवनस्तर खेतीमा निर्भर रहेको र सरकारले मकवानपुरलाई छुटाइएको कोटा उत्पादन र खेतिको आधारमा अपुग रहेको बताए । छलफलका क्रममा कृषि सचिव डाक्टर गोविन्द प्रसाद शर्माले मलको खरिद अहिले जि टु जि प्रकृया मार्फत खरिद भएर भारतबाट आउने खरिद गर्दा बार्षिक खरिद प्रक्रिया अगाडि बढाउदा बढाउदै ढिला हुने समस्या र हेको वताए । यस अघिका सचिबले मल ल्याउन सकेन भनेर हात उठाएर बस्ने गरेको तर आफू निरन्तर मल ल्याउन लागि परेको बताए ।

बर्तौलाले यसअघि बागमती प्रदेशको कृषि तथा पशुपंछी मन्त्रालयमा पनि रासायनिक मल नियमित किसानकहाँ पुग्ने वातावरण बनाउन भनेका थिए । उनी हेटौंडाको साल्टटे्रनिङ, कृषि सामाग्री कम्पनि लिमिटेडलाई पनि मल किसानको पहुँचमा पुऱ्याउन निर्देशन दिएका थिए ।

# थाहानगरमा दलित लक्षित कार्यक्रम सम्बन्धी अन्तरक्रिया



◆ विकास संवाददाता

राष्ट्रिय दलित आयोगको आयोजना तथा थाहा नगरपालिका मकवानपुरको समन्वयमा स्थानीय तहमा दलित लक्षित कार्यक्रम तथा सेवा प्रवाहको सम्बन्धमा अन्तरक्रिया भएको छ । २५ मंसिरमा भएको कार्यक्रम नगर प्रमुख विष्णु बहादुर विष्टको सभाध्यक्षतामा भएको थियो ।

राष्ट्रिय दलित आयोगका सदस्य सुन्दर पुर्कुटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा थाहानगर उपप्रमुखको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा आयोगका प्रवक्ता समेत रहेका पुर्कुटीले थाहा नगरपालिकाले दलित लक्षित गरेर संचालन भएको कार्यक्रमको प्रशंसा गरे । उनले पालिकाले संचालन गरेको आयआर्जनका कार्यक्रमहरू, दलित उच्च शिक्षा छात्रवृत्तिलगायतको कार्यक्रम अन्य पालिकाले पनि सिक्नुपर्ने बताए। पुर्कुटीले दलित तथ्याङ्क प्रोफाइल निर्माण गरी योजना तर्जुमा र अन्य निर्णायक तहमा कानूनले दिएभन्दा बढि सहभागिता गराउन सुझाव दिए। उनले भने–'कानूनले तोकेको काम त तपाइहरू गर्नु नै हुन्छ, त्यो भन्दा बढि सहभागिता गराएर बढि बजेट विनियोजन गरी कार्यक्रम सम्पन्न गर्न बाधा पर्दैन ।'

कार्यक्रममा नगर प्रमुख विष्ट तथा उपप्रमुख भरत गोपालीले नगरपालिकाले दलित लक्षित कार्यक्रम संचालन गरिरहेको र थप अझ प्रभावकारी कार्यक्रमहरू संचालन गर्ने योजना सुनाए । सो अवसरमा प्रमुख विष्टले संवैधानिक अधिकारलाई पालिकाले अधिक्तम प्रयोग गरी लक्षित समुदायको सहभागिता र विषयमा ध्यान दिएर कार्यक्रम संचालन गरिरहेको बताए । उनले दलित समुदाय थप आफै चनाखो हुन आवश्यक रहेको औल्याए ।

कार्यक्रममा थाहा नगरपालिकाका सामाजिक विकास अधिकृत अनिल लामिछाने, सूचना अधिकारी सुरज कुमार भुजेल, सुशासन तथा संस्थागत विकास समितिका संयोजक विष्णु बहादुर गुरूङ, थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझी, वडा नम्बर ४ का अध्यक्ष नारायण लामा तथा विभिन्न वडाका दलित महिला सदस्यहरूको उपस्थिती रहेको थियो ।

## पालुङ जेसीज अध्यक्षका उमेद्वार

# तीन 'स' थिममा संगम

◆ विकास संवाददाता

पालुङ जेसीज बर्ष २०२३को अध्यक्ष पदका लागि संगम कार्कीले उम्मेद्वारी घोषणा गरेका छन् । 'एक ब्यक्ति एक पद, एक बर्ष कार्यकाल' रहने जेसीजको बर्ष २०२२का कानुनी सल्लाहकार समेत रहनुभएको कार्कीले संचारकर्मीहरूसंगको कुराकानीमा आफ्नो उम्मेद्वारी घोषणा गरेका हुन् । थाहानगरको सामाजिक क्षेत्रमा क्रियाशिल पालुङ जेसीजको बर्ष २०२३का लागि कार्की तीन 'स' अर्थात् समानता, सहकार्य र सफलताको मूल सिद्धान्तसहित अध्यक्ष पदको लागि आफू तयार भएको बताए ।

अंग्रेजी र समाजशास्त्र विषयमा स्नातकोत्तर सम्मको अध्ययन पुरा गरेका कार्कीले वर्ष २०२३ मा उपलब्धिमुलक कार्यक्रम गर्दै सदस्यहरूको व्याक्तित्व बिकास सहित गाउँ, समाज र राष्ट्रको बिकासमा युवाको क्षमतालाई प्रदर्शन गर्न सक्ने बनाउन विविध कार्यक्रम संचालन गर्ने बताए । कार्कीले बर्ष २०२३मा विशेष २३ कार्यक्रम सहित उत्कृष्ट बर्ष बनाउने समेत बताए । उनले युवाहरूलाई सूचनाप्रबिधिमा जोडेर थाहानगरको शिक्षा, स्वास्थ्य, सहकारी, पर्यटन, कृषि, राजनीति, व्याक्तित्व विकासको क्षेत्रमा कार्यक्रमहरू तयार गरिएको बताए ।



संगम

वर्ष २०१६ मा पालुङ जेसीजको सदस्यता लिएका कार्कीले २०१७ मा साधारण सदस्य, २०१८ मा ओमकर क्वीज कन्टेष्ट संयोजक, २०१९ मा उपाध्यक्ष, २०२०मा कोषाध्यक्ष, २०२१ मा महासचिव र २०२२मा कानुनी सल्लाहकारको भूमिकामा कार्यसम्पादन गरेका छन् । पालुङ जेसीज बर्ष २००५ का अध्यक्ष सानोभाई कार्कीको जेठो छोरा संगम कार्की आफ्नो बुबाको प्रेरणा र युवाहरूलाई समाज बिकासमा प्रेरित गर्न आफुले अध्यक्ष पदमा उम्मेद्वारी दिने बताए ।

# 'थ्रि टि' थिममा निरज रायमाझी



निरज

मकवानपुर थाहानगरमा क्रियाशील सामाजिक संस्था पालुङ जेसिजको वर्ष २०२३ को अध्यक्ष पदमा निरज रायमाझीले पनि उमेद्वारी घोषणा गरेका छन् । लामो समयदेखि जेसिज अभियानमा आवद्ध हुँदै आएका रायमाझीले यसपटक भने अध्यक्षमा आफ्नो उमेद्वारी घोषणा गरेका हुन् ।

आफ्नो उमेद्वारी संगै उनले 'थ्रि टि' थिम अघि सारेका छन् । रायमाझीले 'टाइम, टिमवर्क र ट्रेडमार्क' सन् २०२३ का लागि आफ्नो थिम बनाएका छन् । रायमाझीले पालुङ जेसीज वर्ष २०१७ संचार संयोजक, वर्ष २०१८ सदस्य, वर्ष २०१९ सदस्य, वर्ष २०२० को उपाध्यक्ष, २०२१ को कोषाध्यक्ष, वर्ष २०२२ को महासचिवको जिम्मेवारीमा रही सफलतापूर्वक कार्यसम्पादन गरिसकेका छन् ।

विभिन्न सामाजिक संस्थामा आवद्ध हुँदै सामाजिक काममा क्रियाशील रायमाझी विद्युतीय सामाग्रीको व्यवसायी हुन् । उनी शिखर बचत तथा ऋण सहकारी संस्थाको संचालक सदस्य, शिखर क्लबको सदस्य, बजार व्यवस्थापन समितिको सदस्य, लायन्स क्लब अफ पिस थाहाको २०२२/०२३ को कोषाध्यक्ष भइ काम गरिसकेका छन् । व्यवस्थापन संकायमा प्रवीणता प्रमाणपत्र तह उतीर्ण गरेका रायमाझी सामाजिक र व्यवसायिक क्षेत्रमा क्रियाशील युवा हुन् ।

उनले पालुङ जेसिजको वर्ष २०२३ लाई सफल र स्वर्णिम वर्षको रूपमा स्थापित गर्नका लागि आफूलाई सहयोग गर्न सम्पूर्ण जेसिज सदस्यहरूलाई अनुरोध गरेका छन् । पालुङ जेसिजमा पूर्व अध्यक्षहरू बाहेक ८५ जना साधारण सदस्य रहेका छन् ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा





जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# हेटौंडा अस्पतालमा सिटी स्क्यान सेवा सुरू, बिरामीलाई सहज

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडा अस्पतालमा आइतबारदेखि सिटीस्क्यान सेवा सुरु भएको छ । बागमती प्रदेशको राजधानी समेत रहेको हेटौंडाको सरकारी अस्पतालमा पहिलोपटक सिटीस्क्यान सेवा सुरु भएको हो ।



हेटौंडा अस्पतालमा सिटी स्क्यान सेवा सुरू भएपछी बिरामीलाई सहज भएको छ । निजी क्षेत्रका अस्पतालमा यो सेवा पहिले देखिनै सुरू भएपनि अहिले भने हेटौंडा अस्पतालमा पनि यो सेवा सुरु भएको हो । निजी अस्पतालमा महगो रूपमा यो सेवा लिइरहेका बिरामीका लागि अब भने सस्तो दरमा सेवा लिन सक्ने भएका छन् । सिटी स्क्यान मेसिन पहिलेनै जडान भएपनि सेवा भने सुरु हुन सकेको थिएन । तर, अहिले सेवा सुरु भएको हो ।

बागमती प्रदेश सरकारको सहयोगमा अस्पतालले सिटी स्क्यान सेवा सुरु गरेको हेटौंडा अस्पताल विकास समितिका सदस्य उत्सव चौलागाईंले जानकारी दिए । उनका अनुसार हेटौंडा अस्पतालमा दैनिक ३० जनासम्म बिरामीका लागि सेवा दिन मिल्ने गरी सिटीस्क्यान मेसिन सञ्चालनमा आएको हो ।

पहिलो दिन नै ८ जनालाई सेवा दिएर सेवा सुरु गरेका छौं । दैनिक ३० जनासम्म सेवा दिनसक्ने क्षमता यो मेसिनले राख्छ । हेटौंडामा औसतमा दैनिक १५ जनालाई सेवा दिनुपर्ने अनुमान गरेका छौं' चौलागाईंले भने ।

हेटौंडा अस्पतालमा सिटी स्क्यान नहुँदा बीमाबाट उपचार गराउने बसरामीहरू चितवन रिफर हुनुपर्ने अवस्था रहेको थियो । अस्पतालले छिट्टै एमआर आई सेवा पनि सञ्चालनमा ल्याउने उनले बताए । नेपाल सरकारबाट ५० शय्या सञ्चालन अनुमति पाएको अस्तालले अहिले ३ सय शय्यासम्म सञ्चालन गर्नुपरेको अस्पताल प्रशासनले जनाएको छ । अस्पतालले ओपीडीमा दैनिक ७ सय, आकस्मिकमा दैनिक १ सय ५० भन्दा धेरै बिरामीको उपचार गर्दै आएको छ ।

# प्रदेश प्रमुख समक्ष मानव अधिकार आयोगको प्रतिवेदन पेश

◆ विकास संवाददाता

बागमती प्रदेश प्रमुख यादव चन्द्र शर्मा समक्ष आज राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालय, हेटौंडाले आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन पेश गरेको छ ।

प्रदेश प्रमुख शर्मालाई आयोग प्रदेश कार्यालयका प्रमुख यज्ञप्रसाद अधिकारीले नेपालको संविधानको २९४ को उपधारा ३ बमोजिम दोस्रो वार्षिक प्रतिवेदन पेश गरेका हुन् ।

आयोगले बुझाएको प्रतिवेदनमा आयोगको बागमती प्रदेश कार्यालयमा मानव अधिकार उल्लङ्घन भएको भनी ३३ उजुरीहरू दर्ता भएको उल्लेख छ । आर्थिक वर्षमा उजुरी सहित हाल बामगती प्रदेश कार्यालयमा ५९७ उजुरी विचार धीन रहेको पाइएको छ । मानवअधिकार संग सम्बन्धित घटनाको २९ पटक अनुगमन गरिएको जनाइएको छ ।

कार्यालयले पुराना र नयाँ गरी १५७ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको प्रतिवेदनमा जनाइएको छ भने बागमती प्रदेशका १२० उजुरी फछ्र्यौट भएको उल्लेख छ । तथापी आयोगका सिफारिस कार्यान्वयन तर्फ १५.३ प्रतिशत पूर्ण कार्यान्वयन ३९.२ प्रतिशत आंशिक कार्यान्वयन र ४५.५ प्रतिशत कार्यान्वयन हुन बाँकी देखिएको छ ।

तथ्याङ्कको आधारमा हेर्दा आयोगका सिफारिस कार्यान्वयन सन्तोषजनक नभएको पाइएको छ ।


थाहा नगरपालिकाको सार्वजनिक सूचना ।

➢ नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
➢ भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
➢ घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
➢ समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
➢ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
➢ बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं

– जेष्ठ नागरिकलाई सम्मान गरौं,
– जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनुभव र क्षमताको उपयोग गरौं,
– घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिक मैत्री वातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड